

# फोहोरको बादल !

Karanjeet Kaur

Bhavana Vyas Vipparthi

Let's Read

The Asia Foundation



सिकू आफ्ना साथीहरुमध्ये एकदमै उदास केटी थिइन् ।
वास्तवमा उनी आफ्ना कक्षाको सबैभन्दा उदास केटी थिइन् ।
शायद उनी संसारकै उदास केटी पो हुन् कि ?



साथीहरु ? अहँ, उनका कुनै साथीहरु थिएनन् ।


सिकूसँग कोही पनि खेल्न चाहँदैन थिए ।

किनभने उनको टाउकोको ठीक माथि बादल झुन्डिरहेको थियो
।

त्यो थियो ....फोहोर मैलाको बादल ।



सुन्तलाको बोक्रा र बिस्कुटका पाकेट, भाँचिएका खेलौना, पेन्सिल तिखारेका फोहोर, बटारेर फालेका प्लास्टिकका बोतलहरु, प्लास्टिकका ब्यागहरु अनि यी सबैको वरिपरि भन्किरहेका झिंगाहरु उफ !



आफ्नो टाउकोमाथि फोहोरमैलाको बादल मडारिइरहेको केटीसँग कोही पनि खेल्न चाहँदैन थिए ।

तिम्रो टाउकोमा कुहिएको केराको बोक्रा खस्यो भने कस्तो लाग्छ होला ? उह !

सिकूले लुकामारी खेल खेल्न पनि सकिनन् । किनकि त्यो फोहोर मैलाको बादलले उनलाई खेल्नै दिँदैनथियो नि ।



"के म तिम्रो पेन्सिल तिखार्ने लिन सक्छु ?", सिकूले स्वीटीलाई सोधिन् । तर स्वीटी त मुख बिगार्दै ठाउँ छोडेर आशा भएतिर पो बस्न गइन् ।

सिकूले खाना खाँदा पनि एक्लै बसेर खानु पर्‍यो।

सिकूले बल्ल थाहा पाइन् कि उनले आफ्नी आमाको कुरा सुन्नुपर्ने थियो । उनलाई आमाले सधैँ "फोहोर जतातता फाल्नु हुन्न है छोरी" भन्ने गर्नुहुन्थ्यो ।



"केराको बोक्रा बाटोमा नफाल ।
बिस्कुटको पाकेट रद्दीको टोकरीमा फाल ।"
तर सिकूले आमाको कुरामा कहिल्यै ध्यान दिइनन् । उनी त खालि आमाको कुरा हाँसेर उडाइदिन्थिन अनि जताततै फोहोर छरिदिन्थिन् ।



सिकूको यस्तो बानीले आमा एकदिन खुबै रिसाइन् । "एकदिन यी सबै फोहोरले तिमीलाई पछ्याउनेछ, हेरिराख है ।", आमाले भनिन् । सिकूले आमाको कुरा फिस्स हाँसेर उडाइन् ।
भोलिपल्ट बिहान उठदा सिकूले डुङडुङ् फोहोर गनाएको र झिँगा भन्केको आवाज सुनिन् । उनको टाउकोमाथि फोहोरको बादल पो देखिन् ।
आमाको कुरा साँचो सावित भयो । अब सिकू हाँस्न सकिनन्, खुसी हुन सकिनन् ।



अब यो चित्र राम्रो सङ्ग नियालेर हेरौं त ।



सिकू भाग्न खोजिन् । तर त्यो फोहोर मैलाको बादलले उनलाई पछ्याइ रह्यो ।

सिकूले कूचोले त्यो बादललाई झार्न खोजिन् । तर कूचोले त्यो बादललाई बढार्न सकिएन ।



सिकूले सबै उपाय लगाइन् ।

उनी चिच्याइन् र बादललाई भाग् भनिन् । उनले बादललाई नै रद्दीको टोकरीमा हाल्न समेत खोजिन् ।

तर फोहोरको त्यो बादल हट्दै हटेन । सिकू धेरै दुखी भइन् ।



त्यसपछि केही घटना भयो ।

सिकूले बल बहादुरले केराको बोक्रा बाटोमा फालेको देखिन् ।

सिकूलाई झनक्क रिस उठ्यो । के उसले मेरो टाउकोमाथि फोहोरको बादल देखेको थिएन र ?

"ओइ मूर्ख केटा,", उनी चिच्याइन् । "बाटोमा केराको बोक्रा नफाल् । अर्को मान्छे चिप्लेर लड्छ ।"

बल बहादुरले फोहोरको बादल देखेर तर्सियो अनि रद्दीको टोकरीमा बोक्रा फाल्यो ।



भोलिपल्ट । टाउकोमाथिको फोहोरको बादल अलि सानो भएको देखियो ।

"यो कसरी भयो ?", सिकू छक्क परिन् ।

अनि, सिकूले रीमा काकीले प्लास्टिकको ब्याग फाल्दै गरेको देखिन् ।

"काकी", सिकू कराइन् । ती प्लास्टिकका ब्यागहरु टिप्नुस् र फेरि प्रयोग गर्नुस् ।

रीमा काकीले ती प्लास्टिकका ब्याग टिपिन् र गइन् । भोलिपल्ट जब सिकूको निद्रा खुल्यो, त्यो फोहोरको बादल झनै सानो भएको थियो ।

सिकू हाँसिन् । उनले बल्ल थाहा पाइन् कि के गर्नुपर्ने रहेछ ।



कसैले बाटोमा बिस्कुटको पाकेटको खोल फालेको भेटिएमा सिकूले रोक्थिन् र त्यसो नगर्न भन्थिन् । उनले प्लास्टिकका बोटल भेटेमा रद्दीको टोकरीमा फालिदिन्थिन् ।

अब गाउँ झन भनै सफा हुँदै गयो अनि सिकूको टाउको माथिको बादल पनि झनझन सानो हुँदै गयो । अनि एक दिन त पुरै सफा भयो ।

अब सिकू संसारकै सबैभन्दा हँसिली खुसी केटी भइन् ।



सिकूले अबदेखि कहिल्यै फोहोर गरिनन् ।

उनलाई सफा शहरमा बस्न मन लाग्यो ।

तर उनलाई डर थियो कि त्यो फोहोरको बादल फेरि आउने आउने पो हो कि ।

कसलाई थाहा छ र !



अब यो चित्र नियालेर हेरौं ।



ल अब फोहोरको बारे कुरा गरौं ।

के तिमीलाई थाहा छ फोहोर फालेपछि के हुन्छ ?

अहँ, तिम्रो टाउकोमाथि बादल भएर बस्दैन । त्यो फोहोर तिम्रो घर छेउमा फोहोरको ठुलो थुप्रो भएर बस्छ ।

जब तिमी फोहोर फाल्छौ, ती फोहोर सडकछेउमा थुप्रिएर बस्छ । तीमध्ये केही त तिम्रो घरबाट बग्ने फोहोरको पानीमा मिसिएर जान्छ ।

ती फोहोर एकठाउँमा जम्मा भएर पाइप बन्द भएर फोहोर रोकिन्छ अनि त्यहाँ झिँगा र विभिन्न किसिमका रोग फैलिन्छ । ओह, कसैलाई पनि फोहोर वातावरणमा बस्न मन लाग्दैन ।

सिकूलाई सोध त ।



फोहोरको बादल बन्नबाट कसरी जोगाउने ? तरीका यस्तो छ । हामी यसरी गर्न सक्छौं ।

– फोहोरका टुक्रा टाक्री नफाल्ने । सधैं सधै नै रद्दीको टोकरीमा फोहोर फाल्ने गरौं । रद्दीको टोकरी नजिकै कहाँ छ त्यो खोजौं ।



केरा खाइसकेपछि त्यसको बोक्रा बाटोमा नफालौ । रद्दीको टोकरी नभेटेसम्म त्यसलाई सानो झोलामा राखौँ र रद्दीको टोकरी खोजौं । सबैकुरा फाल्ने चीज हुन भन्ने चाहिँ नसम्झौं। केराको बोक्रासँगै ब्याग नफालौँ । त्यसलाई घर लगेर पुन प्रयोग गरौं । रद्दीको टोकरीको ढकनी लगाउँ ताकि त्यहाँ झिँगा नभन्कियोस, त्यहाँभित्र नपसोस् ।

फोहोरको बादल:

सिकूको टाउकोमाथि फोहोरको बादल घुमिरहन्छ । यसले उनलाई संसारभरिकै उदास दुखी केटी बनाएको छ ।

यो अचम्मको कथा पढेर जानौं कि सिकूले त्यस डरलाग्दो फोहोरको बादलबाट कसरी छुटकारा पाइन् । यो केटाकेटीको लागि तह–२ को पुस्तक हो जसले बुझेका शब्द चिन्न र अरुको सहयोग लिएर नयाँ शब्द सिक्न सक्नेछन् ।

बहुभाषिक बालकथा पुस्तकहरुको श्रृङ्खलामा प्रथम पुस्तकले डिजिटल रूपमा बालबालिका, लेखक, चित्रकार तथा प्रकाशकहरूलाई उनेर एउटै मालाको रूपमा आएर नयाँ अध्याय कोरेको छ । शिक्षक एवम् अनुवादकहरुलाई समेटेर भारत र विश्वका बालबालिकाहरुका लागि खुला लाइसेन्सप्राप्त बहुभाषिक बालकथाहरूको संकलनले समृद्ध बनेको छ ।

हाम्रो यो अद्वितीय अनलाइन कथा–चौतारी एउटा खेलमैदान हो जहाँ बालबालिका, अभिभावक, शिक्षक तथा लाइब्रेरियनहरु रचनात्मकता देखाउन सक्छन् । आउनोस् आजदेखि नै कथा बुन्न शुरु गरौं र हरेक बालबालिकको हातमा एउटा पुस्तक थमाउने कार्यमा हामीलाई सहयोग गर्नोस् ।

Brought to you by

The Asia Foundation

Let’s Read is an initiative of The Asia Foundation’s Books for Asia program that fosters young readers in Asia and the Pacific.
booksforasia.org
To read more books like this and get further information about this book, visit letsreadasia.org

**Original Story**
*A Cloud of Trash*, Author: Karanjeet Kaur. Illustrator: Bhavana Vyas Vipparthi. Published by Pratham Books, © Pratham Books. Released under CC-BY-4.0.

This work is a modified version of the original story. © The Asia Foundation, 2018. Some rights reserved. Released under CC-BY-4.0.
Contributing translators: I.P. Adhikari